नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
☎: ०८८-५३००४०,
०८८-५३००९०
✉: daorukum@gmail.com
daorukum@moha.gov.np
http://daorukumwest.moha.gov.np
मुसिकोट रुकुम (पश्चिम भाग)

मितिः २०८३।०३।२६

## DRONE उडान सम्बन्धी जरुरी सूचना ।

रुकुम (पश्चिम भाग) जिल्लाका विभिन्न स्थानहरूमा प्रचलित कानूनको प्रतिकूल मानवरहित हवाई उपकरण DRONE उडान हुने गरेको गुनासो आइरहेको सन्दर्भमा नागरिकको गोपनीयता एवम् व्यक्तिगत सुरक्षा, सार्वजनिक, पुरातात्विक, धार्मिक, ऐतिहासिक, साँस्कृतिक असर तथा सामरिक प्रभाव एवम् सुरक्षा संवेदनशीलता समेतलाई मध्यनजर गरी त्यसको कानून सम्मत उडान गर्ने/गराउने उद्देश्यले यो सूचना जारी गरिएको छ।

**मानवरहित हवाई उपकरण *RPA/Drone* उडान सम्बन्धी कार्यविधि, २०७५** *मा DRONE* अनिवार्य रुपमा दर्ता गरी UIN लिनुपर्ने, बनोट तथा उडान तौल क्षमता अनुसार DRONE एवम् सोको उडान वर्गीकरण, उचाई, उडान गर्ने समय, Pilot को योग्यता, उडान गर्न पाइने कार्यक्षेत्र, उडान अनुमति, म्याद थप तथा नवीकरण, उडान गर्दा पालना गर्नुपर्ने शर्त, शर्त पालना नगरेमा हुने कारवाही, उडानको निरीक्षण तथा अनुगमन गर्ने/गराउने लगायत इजाजत खारेजी तथा DRONE जफत हुनसक्ने सम्मका प्रावधान रहेका छन् । तसर्थ कानूनी प्रावधान पालना गरेर मात्र DRONE उडान गर्नु/गराउनु हुन जानकारी गराइन्छ।

अतः कानूनी प्रक्रिया पुरा नगरी पूर्वस्वीकृति बिना ड्रोन उडान नगर्न/गर्न नदिन सम्बद्ध सबैलाई सूचित गरिन्छ। यस्ता गतिविधि भएको पाइएमा प्रचलित कानून बमोजिम भइजाने व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ। यस्ता गतिविधि भएको पाइएमा तुरुन्तै जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी कार्यालयलाई जानकारी गराई कानून कार्यान्वयन मार्फत सार्वजनिक हितको रक्षा गर्ने कार्यमा सहयोग गरिदिनुहुन सबैमा अनुरोध गरिन्छ।